sanima

# सानिमा माई हाईड्रोपावर लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाडौं
फोन नं.: ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं.: ४०१५७९९
**Website :** www.maihydro.com
**E-mail :** sanimamai@sanimahydro.com

# आठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७६/०८/२५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस सानिमा माई हाइड्रोपावर लिमिटेडको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

**मिति :** २०७६ साल पौष २७ गते (तदनुसार १२ जनवरी २०२०) आईतबार।

**समय :** बिहान ११:०० बजे

**स्थान :** सेलिब्रेसन हाईट, सुकेधारा चोक, काठमाण्डौ। फोनं. : ०१-४४२८७९१

## छलफलका विषयहरू :

### (क) साधारण प्रस्तावहरू

१. आठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारीश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक संस्था SAR Associates, Chartered Accountants पुनः नियुक्तिका लागि योग्य रहेको।)

### (ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई आ.व. २०७५/०७६ सम्मको वितरण योग्य संचित मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र ०.५२६३ प्रतिशत नगद लाभांश (बोनस शेयर बापतको कर प्रयोजनका लागि मात्र) वितरण गर्ने।

२. बोनस शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने तथा प्रबन्धपत्र र नियमावलीमा संशोधन/ थप गर्ने।

३. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

### (ग) विविध

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारण सभा तथा बोनस शेयर प्रयोजनका लागि मिति २०७६/०९/०७ गते एक दिन कम्पनीको शेयर धनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७६/०९/०६ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आ. व. २०७५/७६ सम्मको वितरण योग्य संचित मुनाफाबाट बोनस शेयर पाउन योग्य हुनेछन्।

२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।

३. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ। आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website : www.maihydro.com मा पनि हेर्न सक्नु हुनेछ।

४. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्बाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ।

५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछ।

६. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन्।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।

८. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि बिहान ११:०० बजेसम्म खुल्ला रहनेछ।

९. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन।

१०. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महनुभावहरुलाई यथाशक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन्।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट :- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्बाराही, काठमाण्डौ वा फोन नं. ४-३७३०३०, ४-३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

आदरणीय शेयरधनी महानुभावहरु,

यस सानिमा माई हाईड्रोपावर लि.को आठौं साधारण सभाको प्रायोजनार्थ आ.व. २०७५/०७६ को वासलात, नाफा-नोक्सान हिसाब लगायत कम्पनीको कारोबारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत् जानकारी गराउँदछौ। कम्पनीले नेपाल लेखामान बोर्ड(NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०७५/०७६ को नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तिय विवरण तयार गरि सोहि बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ।

### आ.व. २०७५/०७६ को सिंहावलोकन

यस कम्पनीद्वारा सञ्चालित इलाम जिल्ला माई नगरपालिका स्थित **माई जलविद्युत आयोजना (२२.० मे.वा.)** र **माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.)** लाई विगतका वर्षहरुमा झै विभिन्न प्राकृतिक तथा प्राविधिक प्रतिकुलताहरुको समाधान गर्दै दक्षतापूर्वक सञ्चालन गरि विद्युत उर्जा बिक्रीबाट कम्पनीको आम्दानी अधिकतम् बनाउने कार्यलाई प्रस्तुत आ.व. २०७५/०७६ मा पनि निरन्तरता दिईएको छ। तसर्थ प्रस्तुत आर्थिक वर्ष समेत विद्युत उत्पादनको स्थिति संतोषजनक नै रहेको छ।

## नेपाल वित्तिय प्रतिवेदन मापदण्ड अनुसारको वित्तिय विवरण

| STATEMENT OF FINANCIAL POSITION | FY 2075-76 NPR | FY 2074-75 NPR |
|---|---|---|
| **Assets** | | |
| **Non Current Assets** | | |
| Property Plant & Equipment | 15,567,884 | 13,460,726 |
| Intangible Assets | 3,889,155,679 | 4,030,852,332 |
| Capital work in progess | 1,069,263 | 2,445,355 |
| Investment in associates | 242,500,000 | 140,000,000 |
| Other Financial Assets | 5,013,282 | 6,315,863 |
| Other Assets | 4,114,170 | 4,272,407 |
| **Current Assets** | | |
| Cash and short-term deposits | 302,905,373 | 675,369,715 |
| Current other Financial Assets | 267,133,915 | 312,968,181 |
| Inventories | 7,529,782 | 16,834,583 |
| Current other Assets | 12,535,604 | 15,513,493 |
| Advance towards Investment in Equity | 630,750,000 | 278,000,000 |
| Total Assets | 5,378,274,952 | 5,496,032,655 |
| **Liabilities** | | |
| **Non Current Liabilities** | | |
| Borrowings | 2,234,549,815 | 2,470,100,354 |
| Other Financial Liabilities | 8,501,116 | 42,435,665 |
| Other provisions | 3,551,677 | 3,851,174 |
| **Current Liabilities** | | |
| Borrowings | 235,550,539 | 207,808,392 |
| Other Financial Liabilities | 32,969,503 | 32,551,764 |
| Other Liabilities | 5,570,927 | 6,286,256 |
| Net Tax liabilities | 486,440 | 2,671,571 |
| **Total Liabilities** | **2,521,180,017** | **2,765,705,177** |
| **Equity** | | |
| Share Capital | 2,321,000,000 | 2,110,000,000 |
| Share premium | - | 61,137,026 |
| Other Reserves | 241,670 | - |
| Retained Earnings | 535,853,265 | 559,190,452 |
| **Total Equity** | 2,857,094,935 | 2,730,327,477 |
| **Total Liabilities and Equity** | **5,378,274,952** | **5,496,032,654** |

| STATEMENT OF PROFIT OR LOSS | FY 2075-76 NPR | FY 2074-75 NPR |
|---|---|---|
| Revenue From Sale of Electricity | 725,082,581 | 789,679,538 |
| Plant operating expenses | (71,507,260) | (72,972,003) |
| **Gross profit** | **653,575,321** | **716,707,534** |
| Other Income | 2,086,934 | 16,734,294 |
| Other operating and administrative expenses | (180,447,385) | (194,938,743) |
| **Net operating profit** | **475,214,870** | **538,503,085** |
| Financial costs | (278,788,071) | (305,433,952) |
| Financial income | 50,555,861 | 66,986,647 |
| **Profit/(Loss) before tax & bonus** | **246,982,660** | **300,055,780** |
| Provision for Staff Bonus | (4,842,797) | (5,883,447) |
| **Profit/(Loss) before tax** | **242,139,863** | **294,172,334** |
| Income Tax Expense | (10,761,819) | (16,645,901) |
| Net Profit For the Year | 231,378,044 | 277,526,433 |
| Basic Earnings Per Share | 10.44 | 13.70 |

| STATEMENT OF CASH FLOW | FY 2075-76 NPR | FY 2074-75 NPR |
|---|---|---|
| **Cash Flow from Operating Activities** | | |
| Net Profit for the year(After Tax) | 231,378,044 | 277,526,432 |
| Adjustment for: | | |
| Amortization | 153,728,482 | 158,237 |
| Depreciation | 2,824,821 | 3,047,030 |
| Provision for tax | 10,761,819 | 16,645,901 |
| Payment of Tax | (12,946,950) | - |
| Write off of Transmission Line Expenses | 158,236 | - |
| Employee benefit adjustment | 1,233,040 | - |
| Adjustments on Accumulated Depreciation | (343,627) | - |
| **Cash Flow from Operating Activities Before Changes in Working Capital** | **386,793,866** | **297,377,601** |
| **Cash Flow from Changes in Working Capital** | | |
| (Increase)/ Decrease in Current operating Assets | 58,116,955 | (104,456,441) |
| Increase/(Decrease) in Current operating Liabilities | (297,591) | (22,324,814) |
| **Cash Flow from Operating Activities** | **444,613,230** | **170,596,346** |
| **Cash Flow from Investing Activities** | | |
| (Increase)/Decrease in Work in Progress | 1,376,093 | (2,445,355) |
| Capitalization/Purchase of Fixed Assets | (4,931,979) | 130,363,009 |
| (Increment)/Decrease in Intangible Assets | (12,031,829) | - |
| Investment in Associates | (102,500,000) | (133,000,000) |
| Realization of Financial Assets | 1,302,581 | - |
| Advance towards Investment in Equity | (352,750,000) | - |
| **Cash Flow on Investing Activities** | **(469,535,135)** | **(5,082,346)** |
| **Cash Flow from Financial Activities** | | |
| Increase/(Decrease) in Borrowings | (207,808,392) | (428,318,741) |
| Payment of Financial Liabilities | (34,234,046) | (6,846,919) |
| Issuance of Share Capital | - | 804,200,665 |
| Advance to Equity & Receivables | - | (47,414,754) |
| Dividend Paid | (105,500,000) | - |
| **Cash Flow from Financial Activities** | **(347,542,438)** | **321,620,250** |
| **Total Cash Generated in the Year** | **(372,464,343)** | **487,134,249** |
| Opening Cash and Bank Balances | 675,369,715 | 188,235,466 |
| **Cash and cash equivalent at The End of The Year** | **302,905,372** | **675,369,715** |